**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Nepjol

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# दलित बालबालिकाहरूको नेपाली भाषा सिकाइ

– **नगेन्द्रप्रसाद आचार्य**
शिक्षक, जनजागृति मा.वि..फुकोट कालीकोट

Published by: Research Management Cell, BMC,Tikapur, Kailali, Nepal
Publication: June 2026, Volume: 5, BMC Research Journal
Corresponding Author: Nagendra Prasad Acharya   Email: acharynagendra@gmail.com
Orcid: https://orcid.org/0009-0008-0757-1742

Copyright @ The Author(s).The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).

**लेखसार**

प्रस्तुत लेख दलित बालबालिकाको नेपाली सिकाइसँग आधारित छ। यस लेखमा कालीकोट जिल्लामा बसोबास गर्ने दलित समुदायका बालबालिकाले नेपाली भाषा पठन कसरी गरिरहेका छन् भनेर विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनमा कक्षा नौ मा अध्ययनरत बालबालिकाकाहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ। लेख गुणात्मक अध्ययन विधिअर्न्तगत ब्राउण्ड एण्ड क्लार्कद्वारा प्रस्तुत क्वालिटाटिभ रिसर्च इन साइकोलोजीको मान्यतामा विश्लेषण गरिएको छ । यस अध्ययनमा दलित बालबालिकाको नेपाली सिकाइमा कोडको स्तरण र थिएम्याटिक गर्दै प्रस्तुत गरिएको छ । बालबालिकाको पठनबोधको अवस्थाअर्न्तगत पठनबोधको अवस्था र सस्वर पठनमा औसत कमी हुनुका कारण उल्लेख गरिएको छ भने पठन सहभागितामा असहजता भन्ने तर्फ पठनलाई प्राथमिकता नदिनु, आर्थिक विपन्नता र पारिवारिक झमेला जस्ता थिम निर्माण गरी व्याख्या विश्लेषण गरिएको छ। त्यसैले दलित बालबालिकाको नेपाली सिकाइ नहुने कारणहरू पठानमा समय नदिने, गृहकार्य नगर्ने, कक्षा सहभागिता नहुने, अवसरको उपयोग नगर्ने, घरायसी काममा लाग्ने, देखासिकी गर्ने तथा बालविवाह गरी विद्यालयमा नपढ्ने, पारिवारिक भाषा र विद्यालयको शिक्षणीय भाषामा फरक भएकाले नेपाली भाषा पठनको सिकाइमा कमजोर भएको ठहरिन्छ ।

**मुख्य शब्दावली** : दलित, नापानापा, पठन, मिश्रित, सिकाइ ।

## विषयप्रवेश

नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक, बहुधार्मिक देश हो । त्यसैले नेपालमा बहुजातीय मिश्रित समाज रहेको पाइन्छ। यही आधारले समुदायमा विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति, संस्कार र चलाचलन भएका बालबालिकाहरू रहेका छन् । बालबालिकाहरूमा समुदाय तथा वातावरण अनुसारको सिकाइमा भिन्नता रहेको हुन्छ । नेपालको जनगणना २०७८ का अनुसार कुल जनसङ्ख्याको ५.०४ प्रतिशत कामी अर्थात

विश्वकर्मा (दलित) समुदाय रहेका छन् । नेपालमा विभिन्न जातजातिका आधारमा धेरै अध्ययन अनुसन्धान भएको पाइन्छ । खनिया (२०७१) ले गुरुङ मातृभाषी विद्यार्थीको नेपाली सिकाइ विषयको अध्ययनमा विद्यार्थीहरूले नाम, सर्वनाम, विशेषण, क्रियाको रूपमा रूपायन भएको तथा वाक्यको गठनमा लिङ्ग, वचन, पुरूषले प्रभाव पारेको दावी प्रस्तुत गरिएको पाइन्छ । दलित बालबालिकाको नेपाली सिकाइको अवस्थाको सन्दर्भमा भने हालसम्म धेरै अध्ययन अनुसन्धान भएको पाइदैन् । यस्तै बराल (२०६४) का अनुसार "नाम र क्रिया वर्गका शब्दहरूको रूपायनका कारण भाषिक तथा जातीय समुदायअनुसार फरक पर्छ (पृ ४०) ।" यस भानाईबाट के प्रस्ट हुन्छ भने भाषिक तथा सामाजिक परिवेशले समेत बालबालिकाको पठनलाई प्रभावित तुल्याए हुन्छ । दलित बालबालिकाको पठन क्षमता र नेपाली भाषा सिकाइको खासै अध्ययन गरेको पाइएन् । "सिकाइ मानवका लागि अति महत्त्वपूर्ण विषय हो । शिक्षाको आधारभूत तत्त्व नै सिकाइ हो । यो विस्तृत अर्थ बोधको विषय हो" (खत्री, २०६९,पृ.१२७) । यस प्रसङ्गले कक्षा कोठामा सिकाइ हुनका लागि सिकारूले सक्रिय हुनुपर्छ। सिकाइलाई चासो नदिने हो भने सिकाइ हुदैन भन्ने मान्यता राखेको भएतापनि दलित बालबालिकाको कक्षाकोठामा हुने सिकाइ अनुभवलाई समेटेको भेटिदैन ।

भाषालाई सिकाइमा सहज भएको महशुस गरेता पनि सिकाइ चुनौतिपूर्ण हुने गर्दछ । त्यसैले भाषा सिकाइलाई प्रस्ट पार्दै अधिकारी (२०६७) ले "समस्याबाट पार हुने उपाय, सोच्न र गन्तव्य एवम् लाभको गोरेटो कोर्ने सहायता मिल्छ" (पृ.६) । यो भनाइले कठिनाइबाट नै सहजता प्राप्त गर्ने आधार भाषा रहेको तथ्य प्रस्तुत भएपनि बालबालिकाको सिकाइमा समुदाय समाज र जातिगत अवस्था तथा पेसा व्यवसायले असर गरेको सन्दर्भलाई प्रस्ट पारेको पाइदैन्। अर्कोतर्फ सिकारूका विगतका अनुभव, समाजको कार्यकलाप, पारिवारिक तथा सामाजिक समस्याले सिक्न असजिलो हुन्छ तापनि दलित बालबालिकाको सिकाइको कठिनाइ स्तरको चर्चा गरेको पाइदैन् । त्यसैले कालीकोट जिल्लामा रहेका दलित समुदायका बालबालिकाको पठन सिपको अवस्थाको पहिचान गर्न, अनुसन्धानमूलक खोज गर्न आवश्यक ठहरिन्छ ।

दलित बालबालिकाहरू अन्य बालबालिकाको दाँजोमा विद्यालयमा नियमित अध्ययन गर्न आएका हुदैनन् । विद्यालयमा आएका बालबालिकाहरू पनि भागेर घर जान्छन् । त्यसैले स्याग नेपालले गरेको एक अध्ययनमा कुमार र कुमार (सन् २०१६) ले "प्राथमिक र प्रारम्भिक शिक्षा प्रणालीको तुलनामा दलित बालबालिकाको विद्यालय छाड्ने दर उच्च रहेको छ" (पृ. ८) । उक्त भनाइले विद्यालय तहमा दलित बालबालिकाको सिकाइमा समस्या रहेको पाइन्छ । उनीहरूको कक्षाकोठाको बसाइ, उठाइले समेत सिकाइ निर्धारण गरेको देखिन्छ । बालबालिकाको भाषिक सिपअनुसारको गति मापन गर्ने उद्देश्यले लेख तयार गरिएको छ। यसर्थ माध्यमिक तह

कक्षा नौ मा अध्ययन गर्ने दलित बालबालिकाको पठन क्षमता कमजोर हुने विषयलाई समस्याका रूपमा लिइएको छ। यो समस्याको आधारबाट कालीकोट जिल्लामा दलित बालबालिको पठन अवस्थाको अध्ययन गर्न वाञ्छिनीय भएकाले यस अनुसन्धानमा दलित समुदायका बालबालिकाहरूमा नेपाली सिकाइको अवस्थाको अध्ययनका लागि माध्यमिक तह कक्षा नौ मा अध्ययनरत दलित बालबालिकाहरूको पठन सिपको अवस्था पहिचान गर्नु मुख्य उद्देश्य रहेको छ। उनीहरूले पठन अवस्थामा भोगेका समस्यालाई अध्ययन गरिएको छ भने दलित बालबालिकाले पठन कार्यमा खेपेका असहजतालाई समस्याको रूपमा लिइएको छ। तसर्थ यस अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य नेपालका दलित समुदायका बालबालिकाहरूको विद्यालय तहमा नेपाली सिकाइ र नेपाली भाषा प्रयोगको अवस्था कस्तो रहेको छ भन्ने मनसायले दलित समुदायका बालबालिकाहरूको नेपाली सिकाइको अवस्थाको अध्ययन गर्नेतर्फ यो लेख केन्द्रित रहेको छ।

## पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत लेखको सैद्धान्तिक तथा अवधारणात्मक स्वरुपका आधारमा सिकाइका बारेमा व्यक्त तथा प्रस्तुत गरिएका अनुसन्धान, पुस्तक, ग्रन्थ, लेख र प्रकाशनलाई लिइएको छ। सिकाइका बारेमा शर्मा एण्ड शर्मा (२०६६) काअनुसार सामान्य अर्थमा भन्दा व्यक्तिले कुनै पनि माध्यमबाट कुनै पनि व्यवहार निर्माण गर्नुलाई सिकाइ भनिन्छ (पृ १०७ )। त्यसैले सिकाइ हुन व्यवहारको निर्माण गर्न जरूरी हुन्छ। सिकाइलाई भट्टराई (२०६९) ले सिक्ने क्षमता सबैको एउटै हुँदैन्। सिकाइका लागि बाह्य र आन्तरिक दुवै अवस्था आवश्यक पर्छ (पृ १९७) । सिकाइ हुनका लागि व्यक्तिको आन्तरिक पक्ष क्षमता, प्रतिभा, व्यवहार र बाह्य पक्ष समाज, वातावरण, समुदायले प्रभाव पर्ने गर्दछ। त्यस्तै मोनोवैज्ञानिक स्किनरको भनाइलाई भट्टराई (२०६९) ले आफ्नो पुस्तकमा उल्लेख गरेअनुसार क्रियात्मक सम्बन्ध, पर्यावर्तन S–R शृङ्खलामा आधारित छ। यसमा प्रतिक्रियालाई पुनर्बलद्वारा अभ्यास्त बनाउँदै व्यवहार निर्माण गराउनु नै सिकाइ हो। एउटा जीवले मुख्यतया आफ्नो सिकाइ वातावरणमा परिवर्तनहरू गरेर सिक्छ" (पृ.१७५)। त्यसैले सिकाइका हुनका लागि अभ्यास गर्नुपर्छ। लगातार अभ्यास गर्दै जाँदा सिकाइ हुन्छ। आफ्नो शोधपत्रमा चौधरी (२०८०) ले बालबालिकाको पारिवारिक पृष्ठभूमिले शिक्षण सिकाइ प्रक्रियामा असर पारेको हुन्छ। अभिभावकको शैक्षिक योग्यता, पेसागत अवस्था, आर्थिक अवस्था, सामाजिक कार्यले प्रभाव पार्ने र सक्रिय भूमिका निर्वाह गरेको खण्डमा बालबालिकाको सिकाइ प्रक्रियामा सकरात्मक अभिवृद्धिको सक्रियता बढ्ने दावी प्रस्तुत गरेकी छन् (पृ.पृ. २६-३०)। तसर्थ सिकाइ कार्य सजिलो भए पनि सिकाइ हुनका लागि बालबालिकाको घर परिवार र पारिवारिक अवस्थाले प्रभाव पार्ने देखिन्छ।

चौधरी (२०८०) ले विद्यार्थी चिठी लेखन क्षमतालाई “औसत प्रतिशतका हिसाबले ५४.३३ प्रतिशत चिठी लेख्न सक्ने गर्छन” (पृ ३०) । यस अध्ययनलाई हेर्दा चिठी लेख्न जान्ने विद्यार्थीभन्दा नलेख्न जान्नेको सङ्ख्या कमी रहेको तथ्य प्रस्तुत गरेको पाइन्छ। त्यस्तै अर्का अध्येता चौधरी (२०८०) ले विद्यार्थी निबन्ध लेखन क्षमताका बारेमा आफ्नो दावी पेस गर्दै “निजी र सरकारी विद्यालयमा निजीभन्दा सरकारी विद्यालयमा अध्ययनरत बालबालिकाको लेखन क्षमता ८३ प्रतिशत रहेकाले यो दर लेखनको उच्च क्षमता हो” (पृ.२९) । त्यसैले विद्यार्थीहरूमा चिठी लेख्न सक्ने सिप र ज्ञान रहेको पाइन्छ। उपाध्याय (२०८०) ले डगौरा थारू भाषी विद्यार्थीले गर्ने त्रुटि विश्लेषण शीर्षकको शोधप्रवन्धमा “शिरविन्दु र चन्द्रविन्दुको प्रयोगगत त्रुटि य, र, लर व, श, ष, स, ह वर्णभन्दा अगाडि ‘म’ शिरविन्दुको ठाउँमा विद्यार्थीहरूले गर्ने त्रुटि अधिक रहेको छ” (पृ.५२) । यसकारण विद्यार्थी सिकाइ क्षमतामा शब्दगत, पदयोग, हलन्त, अजन्त र लेख्य चिह्नमा गरेको कमजोरीले लेखनमा असर गरेको पाइन्छ ।

विद्यार्थीहरूको पठनबोध क्षमतासम्बन्धी धामी (२०८०) ले “भाषिक पृष्ठभूमिका हिसाबले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई समग्र मध्यमानका आधारमा विश्लेषण गरी नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरूको अदृश्टांश पठनबोध क्षमता राम्रो रहेको छ” (पृ.४५) । यस अध्ययनले विद्यार्थी पठनबोध क्षमता भाषाअनुसार फरक रहेको तथ्य प्रस्तुत गरेको पाइन्छ। नेपाल (सन् २०२३) ले गरेको अनुसन्धान लेखमा उच्च माविमा अध्ययनरत विद्यार्थी प्राज्ञिक लेखन क्षमतामा विद्यार्थी लेखन क्षमता औसत रहेको र अध्ययन तथा अभ्यासमा जोड दिनु पर्ने कुरालाई पुष्टि गरेका छन्। शब्दचयन, सान्दर्भिकता, संसक्तता, अनुच्छेदगठन तथा शैली, प्रस्तुति र प्राज्ञिकताका साथै वाक्यगठन, पुनरावृत्ति, शीर्षक चयन र तार्किकतामा मात्र औसत क्षमता राम्रो छ। विद्यार्थीमा समग्रताको लेखन क्षमता औसत रहेकाले सोचअनुसार नभएको तथ्य उल्लेख गरेको पाइन्छ। श्रेष्ठ (सन् २०२१) “संस्कृतिअनुसार भाषामा भिन्नता हुने हुनाले मातृभाषा शिक्षणमा संस्कृतिले पनि प्रभाव पार्ने कुराको निर्क्यौल गरिएको छ” । तसर्थ बालबालिकाकाको सिकाइमा संस्कृतिले असर गर्छ । विद्यार्थी जस्तो संस्कृतिमा हुर्केको छ त्यस्तै शिक्षा पाउँछ। विद्याथीको क्षमता परीक्षणमा थप प्रस्ट पार्दै काफ्ले (सन् २०१९) ले “कक्षा दशमा अध्ययनरत विद्यार्थी भाषा सम्पादन सक्षमता ५०.६२ प्रतिशत देखिएको छ। छनोट र पुनरावृत्ति, प्रस्तुतीकरण, प्रारूप र शैली आदि पक्षमा विद्यार्थी सम्पादन कमजोर रहेको देखिन्छ” (पृ. ११) । त्यसैले विद्यार्थी भाषिक सक्षमताका आधार हेर्दा कमजोर देखिएकाले सुधार गर्दै लैजानु पर्ने हुन्छ। यसका लागि विद्यालयमा विद्यार्थीहरूको भाषिक सिप विकास र सम्पादनसम्बन्धी क्रियाकलाप जोडिन पर्ने देखिन्छ। यसरी विभिन्न विषयमा गरिएका अध्ययन अनुसन्धान कक्षा दशमा अध्ययन गर्ने विद्यार्थी विभिन्न शीर्षकमा अनुसन्धान

भएपनि दलित बालबालिकाको नेपाली सिकाइ शीर्षकमा अध्ययन भएको पाइदैन । तसर्थ प्रस्तुत अनुसन्धानमूलक लेखको मुख्य उद्देश्य दलित बालबालिकाहरूको नेपाली सिकाइ रहेको छ । दलित बालबालिकाहरूको कक्षा नौ मा भाषिक सिपअन्तर्गत पठनबोध क्षमता कस्तो छ पहिचान गर्नु रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेख गुणात्मक अनुसन्धान ढाँचामा स्थलगत अध्ययनमा आधारित छ । अध्ययनलाई उद्देश्यमुलक र सार्थक तुल्याउनका लागि कक्षा नौ का विद्यार्थीरूबाट २/२ जनाका दरले छात्र छात्राहरूको समान प्रतिनिधित्व हुनेगरी जम्मा ४ जना विद्यार्थीहरूबाट असंरचित अन्तर्वार्ता लिएको छ । अन्तर्वार्तामा सहभागीहरूलाई सहभागी एक, सहभागीी दुई, सहभागी तिन र सहभागी चारका रूपमा नामाकरण गरिएको छ । सहभागी चारै जनाको उमेर फरकफरक रहेको पाइन्छ । सहभागीलाई अध्येताले प्रस्ट चिनेको छ । उनीहरू अध्येताले अध्यापन गर्ने विद्यालयमा कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरू हुन् । अध्येता स्वयम नेपाली विषय शिक्षक भएकाले अन्य समुदायको बालबालिकाभन्दा दलित समुदायका बालबालिकाले पठन कार्यमा निरन्तरता नदिएको र यी बालबालिका किन कमजोर भए भन्ने उत्सुकताका आधारमा अध्ययन कार्य अगाडि बढेमा अध्येता विद्यार्थीका घरमा पुगी विद्यार्थीसँग कुराकानी, सोधपुछ, छलफल र परामर्श गर्दै असंरचित अन्तर्वाता गरियो । कक्षाका क्रियापलाप हेर्दै हाउभाउ तथा व्यवहारलाई अक्षरस कापीमा उतार गदै गए । अन्तर्वाता रूपान्तरण गर्दै टिपोट गरे । कपीमा उतार गरेका असंरचित वार्तालाई कम्प्युटर टाइपिङ् गर्दै सारे । उनीहरूबाट प्राप्त गरेको जानकारीलाई अन्तर्वार्ता रूपान्तरण गरेर उतार गरियो । जसलाई प्रस्तुत लेखमा प्राथमिक स्रोत मानिएको छ । शीर्षकसँग सम्बन्धित अनुसन्धानमूलक लेख, पुस्तक, ग्रन्थलाई द्वितीय स्रोत सामग्रीको रूपमा उपयोगी गरिएको छ । त्यसैले यस अनुसन्धानमा विषयवस्तुलाई प्रस्ट पार्न टान्सक्रइबिङ गरिएको छ । आवश्यक विषयमा कोड तथा विषय वस्तुलाई सान्दर्भिकताअनुसार एक रूपता दिन कोड निर्माण गरी कोडलाई ग्रुपिङ् र वर्गीकरण गर्दै स्तरण गरिएको विषयको थिएम्याटिक विधि अपनाई पाँचवटा थिमको निर्माण गरी गुणात्मक व्याख्या र विश्लेषण गरी तार्किक निष्कर्षमा पुगिएको छ ।

## नतिजा र छलफल

दलित बालबालिकाको नेपाली सिकाइअन्तर्गत पठनबोधका आधारमा गुणत्मक विश्लेषण गरिएको छ । नेपाली भाषा विषयको सिकाइ गर्नका लागि विद्यार्थीले दिइएको समयका आधारमा बालबालिकाको पठनबोध क्षमताको अवस्थालाई उल्लेख गरिको छ । पठन सिप विकासमा सस्वर पठन गर्न आवश्यक रहन्छ । सस्वर

पठनमा भएका कामी कमजोरीलाई दर्शाइएको छ। बालबालिकाहरूले घरमा नेपाली पठन नगर्नु, पठनलाई प्राथमिकता नदिनुका कारणलाई समेटिएको छ। उनीहरूको घरपरिवारको आर्थिक अवस्था, गरिबी, विपन्नता, पारिवारिक झमेला जस्ता विविध पक्षमा केन्द्रित रहेर अनुसन्धान लेख तयार गरी निष्कर्ष निकालिएको छ।

## बालबालिकामा पठनबोध क्षमताको अवस्था

बालबालिकाले नेपाली विषयका शब्द, वाक्य, अनुच्छेद र सङ्कथनलाई शुद्ध उच्चारण गरी सस्वर अभिव्यक्ति गर्नु पठन हो। यसरी सस्वर अभिव्यक्ति गर्न नसक्नु, अड्किनु, उच्चारण नगर्नुलाई राम्रो पठन भएको मानिदैन। त्यसैले शब्द उच्चारण गर्दा आधा अक्षर पठन समस्याका कारण दलित बालबालिकामा पठनबोध क्षमता कमजोर रहेको छ। उनीहरूले कक्षामा पठन कार्य गर्दा शब्द शुद्ध र प्रस्ट उच्चारण नगरेको भेटिन्छ। त्यसैले सहभागी एक भन्दछन् "कक्षाकोठामा नेपाली पढ्दा रमाइलो लाग्छ। काट्टिएका अक्षर फ्याँट उच्चारण गर्न आउँदैन, म त्यहीँ रोकिन्छु।" त्यसैले नेपाली पठनमा शुद्ध उच्चारण र आधा अक्षरको उच्चारण गर्दा गल्ती गर्ने गरेको पाइन्छ। गल्ती हुने डरले बालबालिका नेपाली पठनबोध क्षमतामा सुधार गर्न असमर्थ रहेको भेटिन्छ। त्यस्तै दोस्रो सहभागीले भन्छन् : "म त स्वर लगाएर कहिल्यै उच्चारण गरी पढ्ने गर्दैन। मनमनै पढ्ने गर्छु।" नेपाली भाषामा पठन गर्दा उच्चारण नगर्ने भएकाले शुद्ध पठन गर्न कठिनाइ भएको पाइन्छ। नेपाली पठन उच्चारणका बारेमा तेस्रो सहभागी भन्छन् " मेरो घरमा पढेको मान्छे कोही हुदैन उच्चारण गरी पठन गर्दा झन्झट लाग्छ।" त्यसैले नेपाली पठनमा उच्चारण गर्दा दलित बालबालिकाहरूको कठिन शब्दको शुद्ध उच्चारण तथा आधा अक्षरको उच्चारण गर्ने सामर्थ्यको कमी रहेको पाइन्छ। अर्कोतर्फ आधा अक्षर उच्चारण गर्दा मौखिक अभिव्यक्तिमा प्रस्ट नहुने भएकाले सस्वर पठन नगरेको पाइन्छ। पठन भनेको सस्वर अभ्यासबाट अभिव्यक्ति स्पष्टता हो। त्यसैले अभ्यासका बारेमा थप प्रस्ट पार्दै भट्टराई (२०६५) भन्दछन् "कुनै पनि उत्तेजना प्रति प्राणीले प्रतिक्रिया व्यक्त गर्छ। तिनीहरूप्रति अभ्यासको परिमाणस्वरूप सम्बन्ध स्थापना भई अभ्यास्त व्यवहार निर्माण हुन्छ" (पृ. १६४)। यसैले जब बालबालिकाले अभ्यासमा जोड दिन्छन् तब मात्र सिकाइ हुन्छ भन्ने धारणा रहेको पाइन्छ। दलित बालबालिकामा पनि अभ्यास र कार्यको कमी भेटिएकाले पठन कार्यमा अन्य बालबालिकाभन्दा अभ्यासमा कमी भएको पाइन्छ।

दलित बालबालिका कहिले काहीँ विद्यालयमा आउने हुँदा कक्षामा सक्रिय सहभागी नभएका पाइयो। यसरी कक्षामा उपस्थित नहुने हो भने के कति पठन गरे हेक्का रहेको हुँदैन्। यही कुरालाई सहभागी एक भन्छन "म कक्षामा सक्रिय रूपमा सहभागी भएको छैन्, घरमा काम हुन्छ र स्कुल जान पाउँदैन्।" यस भनाइले अध्ययन

गर्न नियमित विद्यालय जानु पर्ने भएपनि नियमित नगएको देखिन्छ। उनीहरू विद्यालय गएको दिन कक्षामा पालो पाएर पनि पठन कार्यमा सहभागी हुदैनन्। यस सन्दर्भमा आफूले अवसर पाउँदा भोगेको अनुभवलाई सहभागी दुई भन्छन् “हामी दलित बालबालिका उठिकन पढ्न लाज मान्दा छौं। यस्तो भयो भने अरू साथी गिज्याउने हुन की लाग्दो र पढ्ने बेला के भन्ने हुन लाग्छ।” दलित समुदायका बालबालिका कक्षामा उठेर पढ्न लाज मान्ने, लजाएर शब्द उच्चारण नगर्ने र बोल्दा डर मान्ने गरेको कारण पठनमा सक्रिय सहभागिता नभएको पाइन्छ। दलित बालबालिकाहरू पठनसँगै अतिरिक्त क्रियाकलापमा समेत सहभागी नभएको पाइन्छ किनकी उनीहरू कुनै कुनै कार्यक्रममा प्रतिनिधित्वमात्र गरेको पाइयो। यसका बारेमा सहभागी दुई भन्छन् “म अतिरिक्त क्रियाकलापमा बोल्न अप्ठ्यारो मानेर भागै लिदैन्। गलत बोलिन्छ की भनेर भाग लिदैन। प्राय धेरै गैरदलित विद्यार्थीहरू सहभागी हुन्छन्।” तसर्थ विद्यालयको अतिरिक्त क्रियाकलापमा समेत दलित विद्यार्थीहरूको सक्रिय सहभागिता नभएको पाइन्छ। अवसर पाएर पनि आफ्नो क्षमतालाई अरूका सामु व्यक्त गर्न नसक्नु आत्मबल कमजोर गरी भाग नलिएको देखिन्छ।

दलित बालबालिकाहरूको घरमा नेपाली विषय पठन गर्नका लागि सिकाइ वातावरण र सामग्रीको अभाव रहेको पाइन्छ। यसबारेमा सहभागी तिनजना भन्दछन् “मेरो घरमा काम गर्नुपर्छ। घरमा बत्तीको व्यवस्था छैन्। कपी, डटपेन पनि अन्य साथीहरूकोभन्दा कम छ।” यसैले पारिवारिक समस्याले घरमा अध्ययन गर्ने समयको व्यवस्थापन गर्न समेत कठिन रहेको देखिन्छ। सहभागीको धारणाअनुसार उज्यालोको रूपमा घरको कोठामा बिजुली बत्ती जडान नगरेको देखिन्छ। यस कारण घरमा पढ्ने वातावरण नपाउनु भनेको पाारिवारिक विपन्नता रहेको पाइन्छ। पढ्नका लागि वत्ती नहुनेले पठनमा असर गरेको भन्दछन्। नेपाली किताब बाहेक अन्य पढ्ने सामग्रीको अभाव रहेको छ। “किताबको प्रयोग गरेर पढ्न लाग्दा केही समस्या आई परेमा कोसँग सोध्ने ? घरमा पढेको मान्छे कोही हुदैन्। उच्चारण गरी पठन गर्दा झन्झट लाग्छ।” यस किसिमको सहभागी तिनको भनाईले अतिरिक्त समयमा समेत खासै पठनलाई महत्त्व नदिएको देखिन्छ। उनीहरूका अभिभावकको कम पढाइ र औसत समय घरायसी कामधन्दा गर्नु परेकोले पठन कार्यमा प्रभाव पारेकाले पठनबोध हुन नसकेको देखिन्छ। अर्कोतर्फ घरमा नेपालीभन्दा अन्य विषयलाई बढी महत्त्व दिएको पाइन्छ। त्यसैले सहभागी दुई भन्छन् “ नेपाली त भैगो नापानापा पाच्चपुच्च, काट्टकुट्ट गरी पढे त भैगो। स्कुल त बराबर समय दिन्छु। घरमा त गणित, अङ्ग्रेजी र विज्ञान बढी पढ्छु।” घरमा नेपाली विषयको सिकाइमा ध्यान दिएको पाइदैन्। पठनबोध क्षमताको विकास गर्ने अर्को पक्ष सिकाइ हो। सिकाइका बारेमा शर्मा र शर्मा (२०६९) का अनुसार “मानिस शारीरिक, मानसिक र अनुभव प्राप्त गर्ने अवस्थामा जतिजति परिपक्क बन्दै जान्छ त्यतित्यति नै सिकाइ हुँदै जान्छ” (पृ.

१६७) । यसर्थ सिकारूको अवस्था कस्तो छ । त्यो पहिचान हुन पनि आवश्यक छ । मानसिक रूपले नै नेपाली विषयलाई सामान्य विषयको रूपमा लिई पढ्ने बानीले सिकाइ क्षमतामा केही फरकपन रहेकाले पठनबोध क्षमतामा प्रभाव पारेको पाइन्छ ।

### सस्वर पठनमा औसत कमी

कक्षा नौ मा अध्ययनरत दलित बालबालिका सस्वर पठन कार्यलाई खासै महत्त्व दिदैनन् । पठन गर्ने बेलामा ठुलो स्वर ननिकाली विस्तारै पठन गर्दछन् । यस्तो पठनले एउटै बेन्चमा बसेका साथीहरूले पनि राम्रासँग सुनेको पाइदैन । सस्वर पठनका बारेमा सहभागी भन्दछन “म स्वर निकाली पठन गर्न ठिक मान्दैन । स्वर निकाली पठन गर्दा कति जान्ने भयो होला भन्छन् भनेर ठुलो ठुलो स्वरले पढ्दैन ।” यहाँ दलित बालबालिका चर्को स्वर लगाएर नपढेको पुष्टि हुन्छ । त्यसैले सस्वर पठनका बारेमा शर्मा र पौडेल (२०६७) ले “सस्वर पठनमा लिखित सामग्रीको बोधका साथै श्रोता र शब्दोच्चारणको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यो पठन कला लेख्य सामग्रीलाई बोलीमा परिणत गर्ने सिप हो ।” सस्वर कलाको विकास भएन भने विद्यार्थी लेख्य सामग्रीलाई अभिव्यक्तिमा रूपान्तरण गर्न कठिन हुने गरेको पाइन्छ । विद्यार्थी आफै भन्दछन् “म त स्वर लगाएर कहिल्यै पढ्ने गर्दैन् । मनमनै पढ्छु । ठुलो साउण्ड लगाउँदैन् घरमा पनि सबै एकै ठाउँमा पढ्दा डिस्टप मानेर म स्वर हाली पढ्दैन् ।” मनमनै पढ्नु मौन पठन भएकाले स्वर निकालेर शब्दोच्चारण नगरेको पाइयो । विद्यालयमा पढ्ने पालो नपाउनु र घरमा समेत सस्वर पठन नगर्नुले सस्वर पठनका औसत कमी रहेको पाइन्छ । पठनको गति अरूभन्दा सुस्त पढ्नु, विस्तारै पढ्नु, स्वर हालेर नपढ्नुले नेपाली पठनमा कमी रहेको पाइन्छ । यसर्थ बालबालिकाले सस्वर पठनलाई वेवास्था गरेको पाइन्छ ।

दलित समुदायका विद्यार्थीहरूले नेपाली पठनमा कम समय दिएको पाइयो । सहभागी एक भन्छन् :

> म आधा घण्टा बिहान र बिस मिनेट साँझ गरी जम्मा ५५ मिनेछ पढ्छु र बेलुका सबै विषयको गृहकार्य भए लामो समय दिन्छु । म अहिलेसम्म कक्षामा उठेर पढेको छैन् । घर त अलिअलि सस्वर पठन गर्छु तर कक्षामा भने सस्वर पठन गरेकै छैन् ।

यो सन्दर्भले पठनका लागि समय नदिनु र पढ्ने समय अति नै कमी भएको पाइन्छ । जम्मा सातवटा विषयमा यो अति कम समय हो । घरमा प्रयास नगर्ने कक्षामा पालो नपाउनेभन्दा पनि अभ्यास नै नगर्ने भएकाले पठनमा समस्या आएको देखिन्छ । त्यसैले पठनमा काटिएका आधा अक्षरको शुद्धोचारण गर्दा केही कठिनाइ रहेको पाइन्छ । सुस्तरी पठन गर्ने, अट्किने, डराउने, भक्भकाउने, शब्द दोहोरिने, विस्तारै पठन गर्ने, कक्षा तथा घरमा सक्रिय

सस्वर पठन नगर्नुले दलित बालबालिकाको औसत पठनबोध क्षमता रहेको पाइन्छ । पठनका बारेमा सहभागी भन्दछन् । "घरमा जम्मा आधा घण्टा मात्र नेपाली पढ्छु । अरू गणित, विज्ञान, लेखा विषयको सरबाट डर लाग्छ ।" यस्तो हुनु भनेको विद्यार्थीमा अन्य विषयप्रतिको बढी झुकाव र नेपाली विषय प्रतिको भाषिक सरलता ठानी लापर्बाही गरेको देखिन्छ । यो मनोप्रवृतिले समेत वेवास्ता गरेको ठहरिन्छ । त्यसैले नेपाली पठनमा समय कम दिनुले नै विद्यार्थी औसतभन्दा कम समय दिने गरेको पाइन्छ । थेरै समय दिइएर नेपाली पठन गर्दा सस्वर पठनमा कठिनाइ भएको पाइन्छ ।

**पठनलाई प्राथमिकता नदिनु**

विद्यार्थीहरू सिकाइ क्रियाकलापअर्न्तगत पठन कार्यलाई खासै प्राथमिकतामा राख्दैनन् । उनीहरूले प्राथमिकता नदिनुको मुख्य घरायसी कारण रहेको पाइन्छ । त्यसैले सहभागी एक भन्छन् "बाखा चराउने, पानी ल्याउने, भाँडा धुने, खाना पकाउने, मेलापात जाने, हल्का चुच्चे रोटी हाल्ने गर्छु ।" बालबालिकाहरू विद्यालय जानुभन्दा अगाडि र विद्यालयबाट घर फर्के पछि काम गर्नुपर्ने बाध्यता रहेको पाइन्छ । गाउँमा आमाबुबा घरदेखि टाढा काम गर्न गएकाले छोराछोरीहरूलाई घरधन्दा गर्न लगाएको भेटिन्छ । त्यसैले घरायसी कामका कारण बालबालिकाले नेपाली विषयको पठन अभ्यास गरेको पाइदैन । पढ्ने समयमा सहभागी एकले भने : "घरमा आमा बुबा हुनुहुन्छ । म घरको जेठो छोरा भएकाले काम गर्नुपर्छ अनि फुर्सद पाउँदैन् । पठनको अभ्यासै गर्दैन् ।" यही भएर दलित बालबालिकाले समय नपाएर पठन अभ्यासमा रुची नदिएको पाइन्छ । त्यस्तै सहभागी दुई भन्छन् "गाई, भैसी, चराउने भाइ बहिनीहरूको हेरचाह गर्ने, घाँस काट्ने पानी ल्याउने, कपडा धुने, अलिकति समय बचेपछि पढ्नुभन्दा खेल्न जाने गर्छु ।" उनीहरूको यो तथ्यबाट के पुष्टि हुन्छ भने बालबालिकाको ध्यान घरायसी काममा केन्द्रित रहेको र खेल्ने चाहाना रहेको पाइन्छ । त्यसैले पठन लिखित सामग्रीको मौखिक सिप, कला र ज्ञान मान्न भएकाले यसका बारेमा शर्मा र शर्मा (२०६९) ले "ज्ञान जहिले पनि वस्तुगत हुन्छ । विज्ञानले प्रमाणित गरेका कुराहरू मात्र सत्य हुन्छ । ज्ञान प्रयोगात्मक आधारमा "गरेर सिक" द्वारा सिकिन्छ । ज्ञान गुणात्मक हुनुपर्दछ" (पृ. ११३) । तसर्थ दलित बालबालिकाको पठन सिप र कलाको विकास गर्न लिखित सामग्रीलाई पठन कार्यबाट ज्ञानको मात्रा बढाउनु पर्ने भएकाले पाठ्यपुस्तकमा राखिएका पक्षहरूलाई वस्तुतः प्राथमिकता नदिएको पाइन्छ । उनीहरू पढ्ने समयमा अन्य कार्य गर्न व्यस्त हुने भएकाले पनि पठनमा प्राथमिकता नदिएको भेटिन्छ ।

उनीहरूले पठनलाई समय नदिनु अनेत्र जागर लाउनु र अभिभावकले समेत वास्ता नगरेकै कारण बालबालिकाले पठनमा प्राथमिकता नदिएको पाइन्छ । उनीहरूका अभिभावकले निगरानीमा नगरेको पाइयो ।

यस विषयमा सहभागी एक भन्छ " मलाई रमाइलोमा जाने मन लाग्छ। मादल, बाँसुरी दमाहा बजाउन आँउछ र जात्रा, पैठ, मेलामा बजाउन जान्छु। पठनप्रति मेरो ध्यानै जादैन्।" सहभागीले बताएअनुसार बढ्दो उमेरअनुसार इच्छा, चाहानाका साथै मनोरञ्जन गर्ने बानी परेको भेटिन्छ। अर्कोतर्फ पारिवारिक सिप स्थानान्तरणले गर्दा पनि बालबालिकाले पठन कार्य गर्न नपाएको देखिन्छ। त्यसैले पठनलाई प्रभाव पार्ने विधि स्थानान्तरण पनि हो। स्थानान्तरणका सम्बन्धमा शर्मा र शर्मा (२०६८) "सामान्य अर्थमा भन्दा हामीले जानेका वा सिकेका कुनै पनि कुरालाई प्रयोगमा ल्याउनु सिकाइको स्थानान्तरण हो (पृ. २५७)।" दलित समुदायका बालबालिकाहरूमा यिनीहरूको पारिवारिक, सामाजिक र सांस्कृतिक पक्षको स्थानान्तरणले सिकाइ स्थानान्तरणमा प्रत्यक्ष असर गरेको पाइन्छ।

## आर्थिक विपन्नता

दलित बालबबालिकाहरूले आफ्नो घरको आर्थिक अभावले गरिब र विपन्न भएको महसुस गरेको पाइयो। उनीहरूले घरको आवश्यक सामग्री किन्न दैनिक मजदुरी गर्नु परेको बताउँछन्। बुबाले छाक टार्न र पढाइ खर्च जुटाउन गरेको सङ्घर्षका बारेमा सहभागी दुई भन्छिन् "बुबाले चामलको पैसा तिर्न सकेनन् र अर्काका घरमा गएर काम गरी ल्याए अनि भोलिपल्ट तिरे। बुबासँगै काममा पढ्न छोडेर भाइ पनि कपडा किनेको उदारो तिर्न मजदुरी गर्न गयो। ऊ महिनाको चार पाँच दिन स्कुलमा गयल हुन्छ।" त्यसैले दलित समुदायका बालबालिकाले लुगाफाटो गर्न आफै कमाइ गरेर जीविका पालन गर्नुपर्ने बाध्यता रहेको पाइन्छ। घरखर्च गर्न उदारो तिर्न, कापी कलम किन्न, मजदुरी नगरी नहुने अवस्था हुनुले आर्थिक विपन्नता रहेको देखिन्छ। त्यसैले खान लाउनका लागि अर्काको घरमा काम गर्नु पर्ने र त्यही ज्याला मजदुरीबाट प्राप्त गरेको रकमबाट घर व्यवहार, पढाइ खर्च, औषधी उपचार गर्नु पर्ने देखिन्छ। आर्थिक अभावकै कारण स्कुलमा पढ्न जाने बालबालिकामा मानसिक चिन्ता रहेको पाइन्छ। यही चिन्ताले सहभागी तिन भन्छन् "घरमा बुबासँग रुपिया नाइँ। स्कुल ड्रेस किन्न महङ्गो छ। दिनदिनै लगाएर आए भने फाट्ने होकी भनी कहिले कहिले मात्तै लगाउँछु। कपी डटपेन सकियो भने कसरी किन्ने चिन्ता लाग्छ।" यो सन्दर्भले प्रस्ट के पार्छ भने बालबालिकामा समेत आर्थिक अभावको भय उत्पन्न भएकाले आर्थिक विपन्नताको कमजोर मानसिकता भएको पाइन्छ। आर्थिक विपन्नताका कारण पनि बालबालिकाको पठन क्षमतामा असर पुगेको पाइन्छ।

**पारिवारिक झमेला हुनु**

बालबालिकाका अभिभावकले आम्दानीको अवसर नखोजी मानसिक तनावका भएको कारण बताउँदै मादक पदार्थको मातमा घरमा आउने गरेको पाइयो । रोजगारी नभएकाले आर्थिक छैन, बालबालिकाको आवश्यकता पूर्ति गर्न सकिदैन र नसकेपछि मदिरा खाएर लठ्ठ परेको भेटिन्छ। सहभागी एक भन्छन् “मेरा बुबा रक्सी खानु हुन्छ, बुबाले खाएको देखेमा मलाई रिस उठ्छ। रिसाउँदा खाँदैन भन्नु हुन्छ तर खाइहाल्नु हुन्छ।” मातेर घर आउने र गाली गर्ने, हपार्ने र सम्झाउने गरे पनि फेरि खाने गर्नाले बाल मष्तिष्कमा नकरात्मक असर परेको भेटिन्छ। यही सिकोलाई केही छरछिमेकीका बालबालिकाहरूले समेत प्रयोग गरेको पाइन्छ। पढौ भने आर्थिक छैन्। खोजेको सामग्री किन्न सकिदैन तनाव भयो भनेर मदिरा खानु राम्रो नभएको पाइयो। देखासिकीको प्रभावलाई सहभागी एक भन्छन् “मसँगैका साथीहरू लखरलखर हिड्छन् र बरालिदै रक्सी पिउँछन्। विद्यालय पढ्न जाँदा न जा भन्ने तथा म घरमा आएपछि खेल्न जाऊ र रक्सी खाऊँ भन्छन। मलाई खान र पिउन मन लाग्दैन्।” यसर्थ बालबालिकामा मानसिकता र चेतनामा समेत असर पारेको भेटिन्छ। साथीको देखासिकीका कारण पनि पठनमा समस्या आएको पाइन्छ।

बालीघेर प्रथा अझै समाजमा कायम रहेको पाइन्छ। अर्को तर्फ वर्ग जात र सिपले नै दलित प्रति सामाजिक परम्पराले झनै आर्थिक विपन्नतामा धकेलेको भेटिन्छ। पारिवारिक बाध्यताका बारेमा प्रस्ट पार्दै सहभागी तिन भन्छन् “बुबा मजदुरी गर्न जानुहुन्छ। उहाँको मुख्य काम खेतिपाती हो। यो अलबा कलाकारिता गर्न हुड्के नाच्नु हुन्छ र पैसा कमाउनु हुन्छ।” मजदुरीमा काम गर्नु, खेतबारीमा परिश्रम बगाउनु शारीरिक श्रम र हुड्के गाउने कलाकारिताबाट पनि कमाउने गरिको पाइन्छ। त्यसैले श्रमका बारेमा श्रेष्ठ (२०५७) भन्छन् “एक जना श्रमिकले गर्न सक्ने कामको परिमाण तथा गुणलाई अर्थशास्त्रमा श्रमको कार्य क्षमता भनिन्छ” (पृ.११८) । त्यसैले लुगा सिलाउने, बाजा बजाउने, भाँडा बनाउने, घर बनाउने आदि काम गरिरहेको पाइन्छ। त्यही सिपलाई श्रम विभाजन गरी आर्थिक आम्दानीमा गर्न लगाएको पाइन्छ। आज त्यो श्रम विभाजन समुदायमा जातका रूपमा स्थापित उपल्ला वर्गले दमन गरेको देखिन्छ। दलित वर्गमा पूँजी थोरै भयो काम धेरै गरेको भेटिन्छ। हुनेखाने मानिसले अपहेलना गर्न थाले। उनीहरूको मानसिकता कमजोर बनाउने प्रयात्न गरेर समाजमा अर्को दर्जाको नागरिक बनाएको पाइयो। यही कारणले दलित विद्यार्थीहरूको मानसिकतामा पारिवारिक बाध्यता जमेर बस्यो। बालबालिकामा पारिवारिक झमेलाले समेत असर गरेका हुँदा पठनमा बाधा भई पठन असहजता भएको पाइन्छ। यसरी दलित बालबालिकाको पठनबोधको अवस्था र असहजताका कारण नेपाली

पठन सिपको विकासमा असर परेको पाइन्छ । उनीहरूले पठनबोध क्षमतालाई निखार ल्याउन नसक्नु, चाहेर पनि आर्थिक, सामाजिक, सांस्कृति तथा पारिवारिक झमेलाका कारण भाषिक सिप विकास गर्न पछि पर्नुपर्ने बाध्यत्मक अवस्था आई परेको पाइन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययन कक्षा नौ मा अध्ययनरत दलित बालबालिकाबाट लिएको जाकारीलाई गुणात्मक अनुसन्धान विधिको प्रयोग गरी असंरचित अन्तरर्वाताबाट प्राप्त गरेको महत्त्वपूर्ण तथ्य समेटिएका छन् । त्यसैले यो अनुसन्धान स्थलगत अध्ययनमा आधारित छ । बालबालिकामा पठनबोध क्षमताको अवस्था, सस्वर पठनमा औसत कमी, पठन सहभागितामा असहजता, पठनलाई प्राथमिकता नदिनु, आर्थिक विपन्नता, पारिवारिक झमेला हुनुजस्ता पक्षलाई विभिन्न आधारबाट प्रस्ट पारिएको छ । उनीहरूले नेपाली पठनमा शब्द उच्चारण गर्दा आधा अक्षर तथा काटिएका शब्द पठन समस्याका कारण दलित बालबालिकामा पठनबोध क्षमता कमजोर रहेको छ । त्यस्तै दलित बालबालिकामा अभ्यास र अवसर अपुगता रहेको भेटिन्छ । दलित बालबालिका कहिले काहीँ विद्यालयमा आउने गर्छन् । विद्यालयको अतिरिक्त क्रियाकलापमा समेत दलित विद्यार्थीहरूको सक्रिय सहभागिता नभएको पाइन्छ । अवसर पाएर पनि आफ्नो क्षमतालाई अरूका सामु व्यक्त गर्न नसक्नु आत्मबल कमजोर गरी भाग नलिएको पाइन्छ । यसकारण दलित बालबालिकाहरू घरमा नेपाली विषय पठन गर्न उनीहरूको घरमा सिकाइ वातावरण र सामग्रीको अभाव रहेको पाइन्छ् । अर्कोतर्फ मानसिक रूपले नै नेपाली विषयलाई सामान्य विषयको रूपमा लिई पढ्ने बानीको विकास र सिकाइ क्षमतामा केही फरकपन रहेकाले पनि पठनबोध क्षमतामा अर्को विषयले प्रभाव पारेको पाइन्छ । उनीहरूले प्राथमिकता नदिनुको मुख्य कारण घरायसी कारण रहेको पाइन्छ । त्यसैले दलित बालबालिकाहरूको घरमा पठन कार्य गर्ने वातावरण नभएको पाइयो । घरको आर्थिक अभावले गरिब र विपन्न भएको महसुस गर्दछन् । बालबालिकाका अभिभावकले आम्दानीको अवसर नखोजी मानसिक तनावका भएको कारण बताउँदै मादक पदार्थको मातमा रमाउँदै घरमा आउने गरेको पाइयो । यसकारण बालबालिकामा पारिवारिक झमेलाले असर गरेका हुँदा पठनमा बाधा भई पठन असहजता भएको पाइन्छ ।

## सन्दर्भ समाग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, शान्ति (२०८०) *डगौरा थारू भाषी विद्यार्थीहरूले गर्ने त्रुटि विश्लेषण, अप्रकाशित शोधपत्र,* टीकापुर

बहुमुखी क्याम्पस ।

काफ्ले, उमेश (सन् २०१९) कक्षा दशमा अध्ययनरत विद्यार्थी भाषा सम्पादन सक्षमता परीक्षण, *इन्टरडिसिपेलनरी रिसर्च इन एजुकेसन,* भोलुम, ४ (पेज ८७-९८) file:///C:/Users/DELL/Downloads/gebanath,+Ire_4(1)-87-9

कुमार धनञ्जय र कुमार धिरज (सन् २०१६), *दलित चिल्ड्रेन डरपआउट इन स्कुलस निड फर इनकुलुसिभ करिकुलम कन्टेम्पोरी भ्वाइस अफ दलित,* स्याग पब्लिकेशन सागपुव. इन. होम. नभ ।

खनिया, बुद्धराज, (२०२१), वाक्यका आधारमा गुरुङ र नेपाली भाषाको तुलना, *त्रिभूवन विश्वविद्यालय जर्नल*। भोलुम, ३६(१), २४४-२५३, DOI: https://doi.org/ 10.3126/tuj.v36i01.43631

खत्री, लक्ष्मीप्रसाद (२०६९), *बाल विकास र सिकाइ,* नेपाल साहित्य प्रकाशन केन्द्र, ।

गौतम, कमल र नवराज मुडभरी (२०६७), *प्रारम्भिक स्वास्थ्य तथा शारीरिक शिक्षा,* प्रिर्न्टस वर्ल्ड पब्लिसिङ हाउस टेकु ।

चौधरी, रामकुमारी (२०८०), *कक्षा ६ मा अध्ययनरत विद्यार्थी चिठी लेखन क्षमता,* अप्रकाशित शोधपत्र, टीकापुर बहुमुखी क्याम्पस ।

चौधरी, ललिता (२०८०), *कक्षा सातमा अध्ययनरत विद्यार्थी निबन्ध लेखन क्षमता,* अप्रकाशित शोधपत्र, टीकापुर बहुमुखी क्याम्पस ।

चौधरी, सीता (सन् २०१८), *बालबालिकाको पारिवारिक पृष्ठभूमिले शिक्षण सिकाइमा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, टीकापुर बहुमुखी क्याम्पस ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६६) *शिक्षाका आधारहरू,* रत्नपुस्तक भण्डार ।

धामी, योगेन्द्र (२०८०) *कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता,* अप्रकाशित शोधपत्र, टीकापुर बहुमुखी क्याम्पस ।

नेपाल, शक्तिराज (सन् २०२३) उच्च माविमा अध्ययनरत विद्यार्थी प्राज्ञिक लेखन सक्षमता*, एजुकेसन क्वाटर्ली, भोलुम ४(१), file:///C:/Users/DELL /Downloads/99-112+Shaktiraj+Nepal.pdf*

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भणडार ।

बराल, मनिप्रसाद (२०६४), *रास्कोटी भाषिका र मानक नेपाली भाषाको क्रियापदकहरूको तुलनात्मक अध्ययन,* नेपाली भाषा क्षिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा) अप्रकाशित शोधपत्र ।

ब्राउन भर्जिनिया र क्लार्क, भिक्टोरिया (सन् २००६), *युजिङ थियाम्याटिक इन साइकोलोजी,* क्वालिटी रिसर्च इन साइकोलोजी, ३ : २, ७७ –११० ।

भट्टराई, होमनाथ (२०६५), *शिक्षा मनोविज्ञान,* रत्न पुस्तक भण्डार ।

भट्टराई होमनाथ (२०६९), *शिक्षा मनोविज्ञान,* रत्न पुस्तक भण्डार ।

वाक्ले मनप्रसाद र कार्की उपेन्द्रकुमार (२०५७), *शिक्षाका आधार,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा नीलमकुमार (२०६४) *सुक्ष्म अर्थशास्त्रको विश्लेषण,* पैरवी प्रकाशन ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६६) *शिक्षा मनोविज्ञान,* एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६८) *शिक्षा मनोविज्ञान,* एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६९), *शिक्षाका आधारहरू,* एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

सिंह, नागेश्वर (२०६८), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* पैरवी प्रकाशन ।

श्रेष्ठ, गोपालबहादुर (सन् २०२१), नेपालका विद्यालयमा मातृभाषामा सिकाइको स्थिति, *इन्टरडिसिपेल्नरी रिसर्च इन एजुकेसन,* भोलुम, ६(२), ११७-१३२ DOI: https://doi. org/10.3126/ire.v6i2.43544

श्रेष्ठ, मदन (२०५७), *अर्थशास्त्रको परिचय,* मोर्डन प्रिन्टिङ्ग प्रेस ।

विष्ट, प्रेमसिंह र जोशी, महेन्द्रराज (२०६७), *सामुदायिक तथा प्रजनन स्वास्थ्य,* भुँडीपुराण प्रकाशन ।